# आर्थिक वर्ष २०७५/७६ को वार्षिक नीति कार्यक्रम तथा बजेट वक्तव्य

**तिला गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रारालिही, जुम्ला**
**कर्णाली प्रदेश, नेपाल**

गाउँसभाको बैठकमा २०७५ साल असार १० गते आईतबार उपाध्यक्ष श्री विष्णु बुढाज्यूबाट प्रस्तुत भएको

आर्थिक वर्ष २०७५/०७६ को नीति, कार्यक्रम तथा बजेट वक्तव्य

तिला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
२०७५।०३।१०

सम्मानित गाउँसभाका सभा अध्यक्ष
तथा गाउँसभाका सदस्य ज्यूहरु ।

दुई दशक सम्म रिक्त रहेको स्थानीय निकायमा नेपालको संविधान जारी भइसकेपछि, संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुसार तिन तहको सरकार अन्तर्गत पहिलो चरणको स्थानीय तहको निर्बाचन पछि स्थापित यस तिला गाउँपालिकाको सम्मानित गाउँसभामा तिला गाउँपालिकाको आगामी दिनको सुनौलो भाग्य र भविष्यको मार्गचित्र कोर्नको लागि आगामी आ।व। २०७५।०७६ को नीति, कार्यक्रम तथा बजेट यस गरिमामय गाउँसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्त खुशी लागेको छ । यस अवसरमा म नेपालको संघीय लोकतान्त्रिक गणतन्त्रको लागि नेपाली जनताले पटकपटक गर्दै आएको ऐतिहासिक जनआन्दोलन, सशस्त्र आन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनको स्मरण गर्न चाहन्छु। लोकतन्त्रको स्थापनार्थ शहीदहरुको त्याग र बलिदानलाई उच्च सम्मान गर्दछु ।यस तिला गाउँपालिकाकालाई समृद्द, समुन्नत बनाउन थुप्रै चुनौति हरु रहेका छन् ।स्थानीय तहले कसरी कार्य संचालन गर्ने भन्ने अन्योलताको बिच गाउँपालिका बनिसकेपछि आम नागरिकको अपेक्षा बढ्नु स्वभाविक नै रहेको छ । स्थानीय सरकारलाई आफ्नो क्षेत्रको शासन आफैं गर्ने, आफ्नो क्षेत्रको विकास आफैं गर्ने तथा आफूलाई आवश्यक पर्ने कानून आफैंले तयार गर्ने प्राप्त अधिकारहरुलाई संस्थागत गर्दै बामे सर्दै गरेको अवस्थामा गाउँपालिकाबासीहरुको अपेक्षा अनुरुप गाउँपालिकाले सेवा प्रवाह गर्न, विकास निर्माण गर्न,घरदैलोमा सरकारको उपस्थितिको प्रत्याभुति गराउन निकै कठिनाईहरु विद्यमान रहेका छन् ।

जस्तोसुकैचुनौतिकोवावजुदपनितिलागाउँपालिकालाईसमृद्द, समुन्नतबनाउनआजहामियसगरिमामयसम्मानितगाउँसभामाउपस्थितभएकाछौं।यसतिलागाउँपालिकाकोनीति, कार्यक्रमतथाबजेटप्राथमिकिकरणतथातर्जुमागर्दानेपालकोसंविधानकोअनुसूची८र९, नेपालसरकारकोनीतितथाकार्यक्रम, नेपालसरकारबाटप्राप्तवित्तीयसमानिकरणअनुदान, नेपालसरकारलेअन्तरराष्ट्रियस्तरमागरेकाप्रतिवद्धताहरु, दिगोविकासलक्ष, संघीयमामिलातथासामान्यप्रशासनमन्त्रालयकाविभिन्नआदेश, निर्देशनतथापरिपत्रहरु, स्थानीयतहकोअधिकारतथाकार्यविस्तृतिकरण, स्थानीयतहकोयोजनातथाबजेटतर्जुमादिग्दर्शन, तिलागाउँपलिकाकोआवधिकयोजना , डिजिटलप्रोफाईल२०७५, स्थानीयतहकोवार्षिकयोजनातथावजेटतर्जुमादिग्दर्शन२०७४, स्थानीयसरकारसञ्चालनऐन, २०७४, आर्थिकव्यवस्थापनतथासम्पत्तिहस्तान्त्रणसम्बन्धीनिर्देशिका, २०७४,अन्यप्रचलितविद्यमानऐनकानूनहरु, बिभिन्नविषयगतमन्त्रालयहरु, कार्यालयहरु, संघसंस्थाहरुबाटप्राप्तमार्गनिर्देशन, सुझावतथाअपेक्षा, बिभिन्नबिज्ञ, समितिहरुकाराय, सल्लाहतथासुझावहरुतथाआमनागरिकहरुकोसुझाव, आमतिलाबासीकोअपेक्षासमेतलाईहृदयङ्गमगरीयससम्मानितगाउँसभामावजेटतथानीतिकार्यक्रमप्रस्तुतगरेकोछु।

सम्मानित गाउँसभाका सदस्य ज्युहरु,

अब म यस गरिमामय गाउँसभा समक्ष तिला गाउँपालिकाले आ।व।२०७५।०७६ मा अख्तियार गर्ने नीति तथा कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु ।

१. मूलभूत नीति तथा कार्यक्रमः

१. स्थानीय तहको शासन संचालन गर्न अत्यावश्यक कानूनहरु तर्जुमा गरी सम्मानित गाउँसभाबाट पारित गराइ आम नागरिकलाई गाउँ सरकारको उपस्थितिको आभाष दिलाइनेछ ।

२. रचनात्मक तथा सकारात्मक सोचका साथ उन्नति,प्रगति,समृद्दि एवं विकासको दूरदृष्टी तय गरी योजनाबद्ध तरिकाले अगाडि बढ्न गाउँपालिकाको विद्युतीय प्रोफाइल (Electronic Profile)निर्माण भैसकेकोर गाउँपालिकाको आविधक योजना पनि तयार भएकोले सोही अनुसार योजना सञ्चालन गरिनेछ ।

३. समृद्ध गाउँपालिका निर्माणका लागि सार्वजनिक, निजी र सहकारी क्षेत्रको भुमिकालाई प्रभावकारी बनाइनेछ ।गाउँपालिका भित्रका सम्पुर्ण सहकारी संस्थाहरुको लगत संकलन गरी सहकारीहरुको अनुगमन, सुपरिवेक्षण गरिनेछ ।

४. बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेको लक्ष,आम जनसमुदायको चाहना,अपेक्षालाई हासिल गर्ने गरी कार्यक्रम तय गरिनेछ ।

५. कृषि क्षेत्रलाई गाउँपालिकाको उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । स्थानीय तरकारी,बाली,नगदेवाली,फलफुल,नर्सरीलाई संरक्षण, संवर्द्धन र कृषि उत्पादनलाई जोड दिइ कृषिको आधुनीकिकरण र व्यवसायीकरण गर्दै कृषिमा आत्मनिर्भर अर्थतन्त्र बनाउने तर्फ जोड दिनुका साथै गुणस्तरीय तरकारी,फलफुल,नगदेवाली उत्पादन र बेचबिखन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

६. उत्पादनमुलक रोजगारीको अवसर सिर्जना गरी युवालाई रोजगार उपलब्ध गराइनेछ । युवालाई कृषिमा आकर्षित गर्न विशेष योजना तयार गरिनेछ । आन्तरिक रोजगारि तथा आय आर्जनका सम्भावनाहरुलाई खोज अनुसन्धान गरी वैदेशिक रोजगारीलाई न्युनिकरण गर्न प्रयास गरिनेछ ।

७. विकासका कार्यहरुलाई परिणाममुखी बनाउन नतिजामा आधारित (Result Oriented) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ ।

८. जडिबुटी र फलफूलको उत्पादन तथा बेचबिखनको सम्भाव्यतालाई हृदयङ्गम गर्दै नर्सरीको स्थापना तथा बजारीकरण गर्न विशेष पहल गरिनेछ ।

९. गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वाधारहरुलाई गुणस्तर र प्रभावकारी बनाउन प्राविधिकरुपमा पूर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य बनाइने छ ।

१०. गाउँपालिकामा रहेका प्राकृतिक श्रोत, जडीबुटी, लोपोन्मुख बन्यजन्तु लगायतको संरक्षण सम्वर्द्धनउपयोग गर्न आवश्यक योजना तयार गरी सम्बन्धित निकायहरु संग समन्वय गरी अगाडी बढाईनेछ ।

११. बालविवाह एक समस्याका रुपमा रहेकाले बालविवाहका घटनाहरुलाई निरुत्साहित गर्नका लागि बाल क्लब, अन्य सामुदायिक सन्जालहरु र प्रहरी प्रशासनको समेत संलग्नतामा क्षमता विकास गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

१२. सामाजिक सूरक्षा कार्यक्रम तर्फ बाल अनुदान,एकल महिला,अपाङ्गता, ज्येष्ठ नागरिक,लोपोन्मुख जातिहरुको भत्ता वितरण कार्यलाई बैङ्किङ्ग प्रणाली मार्फत कार्यान्वयन ल्याउन आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

१३. परम्परागत रुपमा चलिआएको छुईगोठ केही वस्ती मुक्त भईसकेको र बाँकि वडा तथा वस्तीहरु छुईगोठमुक्त गरिने लक्ष्य तथा नीति लिईएकोछ ।

१४. गाउँपालिकालाई वातावरणमैत्री, बालमैत्री,अपाङ्गतामैत्री, लैङ्गिक हिंशा मुक्त बनाउने नीति अवलम्बन गरिनेछ ।

१५. गाउँपालिकाभित्र संचालित योजना तथा कार्यक्रमहरुको संयुक्त अनुगमन टोली (Joint Monitoring Team) गठन गरी सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी रुपमा लागू गरिनेछ

१६. गाउँपालिकाको नियमित प्रशासनिक सेवा प्रवाहलाई मुस्कान सहितको सेवा (Service With Smile) को नीति लिइनेछ ।

१७. सेवाग्राहीहरुको गुनासो तथा उजुरीहरुलाई तत्कालैसुनुवाई (Rapid Response) गर्ने व्यवस्था गरिनेछ ।

१८. पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, कर्तव्यनिष्ठता साथ सेवा प्रवाहलाई सुशासनमैत्री, नागरिकमैत्री, भ्रष्टाचार रहित, बेरुजु रहित बनाइनेछ ।

१९. प्रशासनिक कामकारबाहीलाई सरल,चुस्त,प्रभावकारी बनाउन निर्णय गर्ने तहलाई घटाइनेछ। लामो र झन्झटिलो निर्णय प्रकृयालाई घटाउँदै एकद्वार सेवा प्रवाह प्रणाली (One Door System) अपनाइनेछ ।

२०. वार्षिक योजना तथा कार्यक्रम सञ्चालन गर्नका लागि गाउँपालिकास्तरीय आवधिक योजना (Rural Municipality Periodic Plan)तयार भएकोले उक्त अनुसार योजना लागू गरिनेछ ।

२१. सामाजिक संघ संस्था संचालन कार्यविधि तयार गरी सेवा सुविधा,तलब, भत्ता एकरुपता कायम गरिनेछ । कार्यक्रम डुप्लिकेशन हुन नदिन विशेष व्यवस्था गरिनेछ ।

२२. यस गाउँपालिका भित्र छरिएर रहेका साना,ठूला व्यवसायी,सहकारी, संघ संस्था, बिभिन्न कृषि समुह महिला समुह,आमा समुह,क्लबहरुलाई सुचिकृत गरी आवश्यक अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण गरिनेछ।

२३. गाउँपालिका क्षेत्र भित्र कुनै पनि संस्थाले तालिम, गोष्ठी, सेमिनार संचालन गर्नु परेमा गाउँपालिकाको समर्थन लिनु पर्नेछ । साथै त्यस्ता कार्यक्रममा सहभागीको नामावली अनिवार्य सार्वजनिक गर्नुपर्नेछ ।

२४. रसायन मुक्त क्षेत्र घोषणा गर्न पूर्वाधार तयार गरिनेछ ।

२५. यस गाउँपालिकाले संचालन गर्ने रु। साठी लाख ९६०,००,०००।-० भन्दा माथिका भौतिक पूर्वाधारका कार्यक्रमहरु टेन्डर प्रकृयाबाट मात्र संचालन गरिनेछ ।

२६. आफ्नो वडा, आफैं बनाउँ भन्ने मूल नीतिलाई अवलम्बन गरिनेछ ।

२७. गाउँपालिका भित्र संचालन हुने विकास निर्माणको योजनाहरूमा ५५ प्राविधिक खर्च ९Contingency Cost) काटिनेछ ।

## २. क्षेत्रगत नीति तथा कार्यक्रमः

### १. आर्थिक विकासः

- **कृषि तथा पशु विकासः**
- खाद्यान्न उत्पादनलाई प्रोत्साहन गर्न सिमी,फापर,आलु उत्पादक किसानहरुलाई पकेट क्षेत्र निर्धारण गरी त्यस क्षेत्रको उत्पादन परिमाणको आधारमा प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गरिने छ ।
- स्थानीय विऊविजन जोगाउन कृषि सहकारी संस्था मार्फत विऊविजन वैंक स्थापना गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र घुम्ती कृषक पाठशालाको स्थापना गरी अगुवा कृषक तयार पारिने छ ।
- गाउँपालिका क्षेत्र भित्र कृषि प्राविधिकहरुको वाह्रै महिना परिचालन गरिनेछ ।
- **उद्योग तथा बाणिज्यः**
- स्थानीय उद्योगधन्दा,कलकारखाना,बालीनालीबाट उत्पादित वस्तुहरुको बजारीकरणको प्रवन्ध गरी स्थानीय रोजगारी तथा आय आर्जनमा वृद्धि गरिनेछ।
- औद्योगिक क्षेत्रमा लगानी बढाउन तथा स्थानीय उद्योग धन्दालाई प्रोत्साहन गर्न आवश्यक नीतिगत, कानुनी, प्रशासनिक तथा आर्थिक सुधारका प्रयासहरु अवलम्बन गरिनुका साथै लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।
- वनस्पति तेल उत्पादन गर्न लघुउद्योग स्थापना गरिनेछ
- **पर्यटनः**
- स्थानीय पर्यटनका सम्भावनाहरुलाई यथासम्भव खोज अनुसन्धान, संरक्षण तथा प्रवर्द्धन गर्न तिला गाउँपालिकाको पर्यटन गुरुयोजना निर्माण भईसकेको कार्यन्वयनमा ल्याईनेछ।त्रिवेणि,नदैखोप्रीलाई धार्मिक पर्यटनको क्षेत्रको रुपमा प्रवर्द्धन गरिनेछ ।
- **सहकारी वित्तीयः**
- लघु उद्यम प्रवर्द्धनका लागि गाउँपालिका स्तरमा १ औद्योगिक क्षेत्रका लागि पूर्वाधार निर्माण गर्न अध्ययन गरिनेछ ।
- ब्यवसायीक क्षेत्रमा लाग्न चाहने यूवाहरुलाई आधारभूत तालिम, यन्त्रऔजार सहयोग र अवलोकन भ्रमणको ब्यवस्था मिलाइने ।
- बैदेशीक रोजगारबाट फर्केका तथा बेरोजगार युवाहरुको तथ्याङ्क संकलन गरि उनीहरुलाई स्वरोजगारमुखी सिप प्रदान गरिने ।

## २. सामाजिक बिकासः

- **शिक्षाः**
- गाउँपालिका भित्र नमुना अंग्रेजी माध्यमबाट शिक्षा प्रदान गर्ने विद्यालय थप गरीनेछ।जिर्ण अवस्थामा रहेका विद्यालयहरुको भौतिक पूर्वाधारको मर्मत सम्भार गरिनेछ
- विद्यार्थी शिक्षक अनुपातमा दरवन्दी निर्धारण गरी आवश्यकताको आधारमा शिक्षक परिपूर्ति गरिनेछ ।साथै शिक्षक,विद्यार्थी, अभिभावक, कर्मचारी, व्यवस्थापन समितिको साझा विद्यालय आचारसंहिता बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँ बस्ति टोलमा रहेका १५ वर्ष माथिका निरक्षर जनसंख्याको लागत संकलन गरी अनौपचारिक शिक्षा प्रदान गरी गाउँपालिकालाई साक्षर गाउँपालिका स्थापना गर्ने अभियान सन्चालन गरिनेछ ।
- आफ्नो बिषयमा राम्रो रिजल्ट ल्याउने विषयगत शिक्षकहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- यस गाउँपालिकामा एक आवाशीय प्राविधिक शिक्षालय र एक स्नातक तह सम्मको अध्ययन अध्यापन गराउने क्याम्पस स्थापनाको लागि आवश्यक तयारी अघि बढाइनेछ ।
- विद्यार्थी नभएका, शिक्षक संख्या कम भएका विद्यालयहरुलाइ जनसंख्या, भूगोल, दुरीको आधारमा मर्ज गरिने नीति अवलम्वन गरिनेछ ।
- प्रत्यक वडाहरुमा युवा क्लव निर्माण गरी युवा संसद कार्यक्रम सञ्चालन गरी समाज रुपान्तरणमा युवा साझेदारीताको नीति लिईनेछ ।
- **स्वास्थ्यः**
- गाउँपालिका स्तरको अस्पताल स्थापनाका लागि उपयूक्त स्थानको खोजी गरिने छ । सो को पूर्वाधार निर्माणका लागि नेपाल सरकारलाई अनुरोध गरिनेछ ।
- स्वास्थ्य चौकीहरुको व्यवस्थापन नियमावली तर्जुमा गरि अनुगमन व्यवस्था प्रभावकारी बनाइने छ । प्रत्येक स्वास्थ्य चौकीमा प्रयोगशाला स्थापना गरिनेछ ।
- स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधारमा स्तरोन्नती गरिनेछ । कम्तिमा एउटा स्वास्थ्य चौकीलाई प्राथमिक स्वास्थ्य केन्द्रमा स्तरोन्नती गर्न सम्बन्धित निकाय सँग आवश्यक पहल गरिनेछ ।
- हरेक घरका गृहिणीहरुलाई बालबालिका हेरचाह र स्वस्थ आहार सम्बन्धी आधारभूत तालिम दिइनेछ ।
- गाउँमै बसोबास गर्ने वासिन्दाहरुको लागि स्वास्थ्य विमा कार्यक्रम प्रभावकारी ढंगले कार्यान्वयन गरिनेछ ।
- वर्षमा १ पटक हरेक वडामा विशेषज्ञ डाक्टरहरुको उपस्थितिमा स्वास्थ्य शिविर सञ्चालन गरिने छ ।

- स्थानीय जडिबुटी र आदिवासी ज्ञानलाई प्रबर्द्धन गरेर परम्परागत स्वास्थ्य सुविधा विस्तारमा जोड दिइनेछ ।
- **खानेपानी तथा सरसफाईः**
- स्वच्छ खानेपानिमा तिलाबासीको पहुँच अभिवृद्धि गरिनेछ । कम्तिमा प्रत्येक वडामा एउटा खानेपानी आयोजनाको संभाव्यताको अध्ययन गरी यथासम्भव रुपमा खानेपानी आयोजना संचालनमा ल्याइनेछ ।
- एक घर एक धारा नीति अवलम्वन गरिनेछ ।
- **संस्कृति प्रवर्द्धनः**
- तिला गाउँपालिकाको कला, सँस्कृति, भाषा, धर्म र सम्पदाको संरक्षण एवं विकासलाई जोड दिइनेछ ।गाउँपालिकामा रहेका पुरातात्विक महत्वका बस्ती, संरचना, मठ मन्दिर, गुम्बा, स्तम्भ, ताम्रपत्र, शिलालेख जस्ता ऐतिहासिक धरोहरको पहिचान गरी संरक्षण प्रवर्धनका लागि अभिलेखिकरण दस्तावेजीकरण गरिनेछ ।
- **लैंगिक समानता तथा सामाजिक समावेशीकरणः**
- लैंगिकताको आधारमा कसैलाई भेदभाव गरिने छैन साथै यस गाउँपालिकाले लिने हरेक नीतिहरुमा लैँगिक समानतालाई प्रवर्द्धन गरिनेछ ।
- यस गाउँपालिकाबाट प्रवाह हुने हरेक सेवा सुविधामा महिलालाई विशेष प्राथमिकता दिइनेछ ।
- महिला, दलित, अल्पसंख्यकहरुको क्षमता विकास, सशक्तिकरणको लागि पहल गरिनेछ ।

**३. भौतिक पूर्वाधार विकासः**

- सडक तथा पुलः
- रारादेखि मानेचौर रारादेखि घोडेमहादेव सडक लगायतका अन्य सडकलाई प्राथमिकता दिईनेछ ।
- गोरुखोला र तिला मेघा जलविधुतलाई प्राथिकता दिईनेछ ।लिप्ट सिंचाइलाई समेत पहिलो प्राथमिकता दिईनेछ ।
- गाउँपालिका केन्द्रबाट प्रत्येक गाउँ बस्ति र वडा केन्द्रलाई सुरक्षित र भरपर्दो सडक संजालमा जोडिनेछ उत्त सडक मापडण्ड अनुसार निर्माण गरी नक्सा जाँच पास गरी निर्माण गिरनेछ ।
- गाउँपालिका भित्र आवश्यक क्षेत्रमा झोलुङ्गे पुल, बेली ब्रिज र पक्की पुल निर्माणको लागि सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।
- **सिंचाईः**
- खेतियोग्य जमीनमा सिंचाई सुविधा पुर्याउन सिचाइ टयाकी निर्माण गरी मुख्य कुलोहरु संचालनमा ल्याइनेछ भने बाँकी सुक्खा जमीन लिफ्ट सिंचाई प्रविधको लागि सम्भाव्यता अध्ययन भईसकेकोले कार्यन्वयनमा ल्याईनेछ ।

- **भवन तथा शहरी विकासः**
- गाउँपालिका क्षेत्रमा व्यवस्थित शहरी विकास गर्न व्यवस्थित गुरु योजना, भू(उपयोग योजना लगायतको नीति अबलम्वन गरिनेछ ।
- गाउँपालिका भित्र अव निर्माण हुने सम्पुर्ण भवन तथा घर निर्माण गर्दा अनवार्य नक्सा पास गरी भुकम्प प्रतिरोधि बनाइनेछ ।
- **जलविद्युतः**

  तिला गाउँपालिकालाई समृद्ध, समुन्नत बनाउन आवश्यक पर्ने उर्जा क्षेत्रमा सम्पुर्ण गाउँपालिकाबासीलाई पर्याप्त पुग्ने ३०० किलोवाट (300KW) सम्मको गोरुखोला हाइड्रोपावर संचालनमा ल्याईनेछ भने अन्य गाउँपालिकालाई पनि बिद्युत उपलब्ध गराई गाउँपालिकाको आन्तरिक आय सिर्जना गर्ने तिला मेगा हाइड्रो प्रोजेक्ट (Mega Hydro Project) संचालनमा ल्याइनेछ । यसको सम्भाव्यता अध्ययन भईसकोले अगाडी बढाउन पहल गरिनेछ ।p3 मेडल लागू गरिनेछ। निजी क्षेत्रलाई विद्युत उत्पादनमा आकर्षित गरिनेछ ।यस क्षेत्रमा गाउँपालिकावासीको लगानीलाई प्रोत्साहित गरिनेछ । वैकल्पिक उर्जाको प्रयोगलाई बढावा दिइनेछ ।
- **संचारः**

  गाउँपालिकालाई संचार क्षेत्रसँग जोड्न तथा आम तिलाबासीले सूचना संचारको भरपुर उपयोग गर्न आवश्यक निकायहरुसंग विशेष पहल गरी पहुँच वृद्धि गरिनेछ ।

## ४. वातावरण तथा विपद् व्यवस्थापनः

- **वन तथा भू(संरक्षणः**
- सडक किनारामा भूक्षय प्रतिरोधी विरुवाहरु रोपी त्यसको संरक्षण र उपयोग गर्न सम्बन्धित समुदायलाई परिचालन गरिनेछ ।
- पहिरो तथा भूक्षयग्रस्त क्षेत्रहरुमा विरुवा रोपण गरिने, त्यसको संरक्षण र उपयोग कार्यमा गरिव तथा भूमिहिन किसानहरुलाई जिम्मा दिइनेछ ।
- वातावरण सन्तुलनका लागि एक घर एक रुखको निति अवलम्वन गरी हरीयाली तिला वनाईनेछ ।
- सडक छेउछाउमा रुखहरु लगाई हरियाली वनाईनेछ ।
- कर्णाली राजमार्गमा रहेका वजारहरुको फोहर व्यस्थापन गर्न ढल निकासीको निति लिईनेछ ।
- **जलवायु परिवर्तनः**
- गाउँपालिकाभित्र जलवायु परिवर्तनले पारेको प्रभाव तथा असर बारे मध्यनजर गर्दै जलवायु परिवर्तनलाई न्युनिकरण गर्न पहल गरिनेछ ।
- **फोहोरमैला व्यवस्थापनः**
- मेरो फोहर मेरो जिम्मेवारि भन्ने मूल नाराका साथ वजार सुधार गरिनेछ ।

- गाउँपालिका क्षेत्रको फोहोरमैला तथा बजार व्यवस्थापन गरी प्रभावकारी रुपमा गाउँपालिकालाई स्वच्छ, हराभरा, सुन्दर राख्न फोहोरमैला व्यवस्थापन तथा सार्वजनिक शौचालय निर्माणको लागि थप गरिनेछ ।
- **विपद् व्यवस्थापनः**
- गाउँपालिका भित्र हुन सक्ने विपद् व्यवस्थापन गर्न एक आकस्मिक कोषको व्यवस्था गरिनेछ ।

५. **संस्थागत विकास तथा सेवा प्रवाहः**

- **मानव संशाधन विकासः**
- गाउँपालिकाका उपलब्ध मानव संशाधनहरुको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
  शिक्षा स्वास्थ्य लगायत अन्य क्षेत्र आवश्यक मानव संशाधनलाई आवश्यक नीति नयम कार्यविधि वनाई परिपूर्ति गरिनेछ ।
- कर्मचारीहरुलाई क्षमता वृद्धिका लागि उचित तालिमको व्यवस्थापन गरिनेछ ।
- **संस्थागत क्षमता विकासः**
- एकिकृत तथ्यांक व्यवस्थापन प्रणाली सुरुवात गर्नेः पारिवारिक विवरण स्थापना गर्ने, सफ्टवेयर मार्फत सवै वडाहरुमा एउटै नेटवर्कबाट तथ्यांक अद्यावधिक सेवा प्रवाह गर्नपहल गरिनेछ ।
- पञ्जिकरण तथा सामाजिक सुरक्षा व्यवस्था गर्न अन लाईन सप्टवयर तालिमको व्यवस्था अनिवार्य गरिनेछ ।
- **संस्थागत पूर्वाधारः**
- गाउँपालिका कार्यालय तथा वडा कार्यालय भवन निर्माणका लागि इच्छुक स्थानीय जग्गादाताबाट जग्गा लिइ नेपाल सरकारको अनुदान तथा प्राविधिक सहयोग लिइनेछ ।
- वडा कार्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार, मानव संशाधन, फर्निचर, मेशिनरी औजारहरुको व्यवस्था गरी नागरिकहरुलाई सजिलै, घरदैलोमै सेवा प्रवाह गर्ने अवसर सिर्जना गरिनेछ ।
- **नागरिक वडापत्र प्रणालीः**
- गाउँपलिका तथा प्रत्येक वडा कार्यालयमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ ।
- **सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोगः**
- गाउँपालिकाबाट प्रवाह हुने सेवामा विद्युतीय सूचना प्रविधिको अत्याधिक प्रयोग गर्दै सेवा प्रवाहलाई सरल, छिटो र छरितो बनाइनेछ ।

६. **वित्तीय व्यवस्थापनर सुशासनः**

- **राजस्व परिचालनः**
- एक महिना भित्र गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गर्ने ।

- आम जनतालाई कर तथा राजश्वको महत्वका बारेमा गाउँपालिका वित्तीय क्षेत्र व्यवसायी कर्मचारीको संयुत्त पहलमा संघ संस्थाहरुको सहकार्यमा जनचेतना बिस्तार गरिनेछ ।
- एकीकृत सम्पत्ति कर असुली व्यवस्थित गर्न सूचना प्रविधि  अवलम्वन गरिनेछ ।

**बेरुजु फर्छ्यौटः**

- यस गाउँपालिकालाई बेरुजु रहित गाउँपालिका बनाइनेछ । साथै साविकका गा।वि।स।का पुरानो बेरुजुहरु नियमानुसार असुल उपर गरिनेछ । समयमै वेरुजु असुल उपर गर्ने व्यक्ति संस्थालाई उचित पुरस्कारको व्यवस्था गरिनेछ । वेरुजु असुलीलाई कडाइका साथ अवलम्वन गरी बेरुजु रहित गाउँपालिका वनाइनेछ ।
- **सार्वजनिक सुनुवाईः**

७. गाउँपालिकाबाट प्रवाह हुने सेवाको बारेमा समय समयमा सार्वजनिक सुनुवाई गरिनेछ ।

८. **आर्थिक विकासः**

- **कृषीः**
- व्यवसायीक तरकारी खेति, बाली खेति, नगदेबाली, फलफुल खेति, नर्सरी खेति विकास कार्यक्रम
- **पर्यटनः**
- तिला गाउँपालिकाको पर्यटन योजना निर्माण भैसकेकोले कार्यान्वियनमाल्याईनेछ ।
- **सहकारीः**
- गाउँपालिका भित्रका सहकारीहरु दर्ता,नविकरण तथा आवस्यकता अनुसार क्षमता वृद्धिका कार्यक्रमहरु गरिनेछ प्रभावकारी अनुगमन गरिनेछ ।

९. **सामाजिक बिकासः**

- शिक्षाः
- सामुदायिक विद्यालयमा नमुना अंग्रेजी माध्यमबाट अध्ययन सुरु भएकोमा यसलाई थप गर्ने नीति लिईनेछ ।
- बिभिन्न बिद्यालयको भौतिक पूर्वाधार निर्माण गरिनेछ ।
- उच्च शिक्षा संचालनका लागि आवश्यक पहल तथा तयारी गरिनेछ।

सम्मानित गाउँसभाका सदस्य ज्यु हरु,

अब म यस गरिमामय सभामा आगामी आ।ब। २०७५।०७६ मा सञ्चालन गरिने कार्यक्रमको लागि संक्षेपमा प्रस्तावित वजेट प्रस्तुत गर्न चाहन्छु।
आगामी आर्थिक वर्षको लागी अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक आयबाट रू। १८ लाख अनुमान गरिएको छ भने केन्द्रिय सरकारको वित्तीय समानीकरणबाट प्राप्त अनुदान रु। ९ करोड १० लाख  रहेको छ । राजश्व बाँटफाटबाट रु ५ करोड ८ लाख ४० हजार रहेको छ । शसर्त

अनुदान रु ११ करोड छब्बिस लाख छ भने प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान रु४९ लाख ८६ हजार छ । प्रदेश राजश्व बाँडफाटबाट अनुमानित रु १ लाख ८९ हजार हुनेछ र गत वर्ष खर्च हुन बाकी अल्या रू।७२ लाख गरी जम्मा रु २६ करोड ८६ लाख १५ हजार रकम आय तर्फ हुनेछ ।

**३. व्यय तर्फ**

चालु तर्फ रु ५ करोड २८ लाख विनियोजन गरेको छु ।

शसर्तमा रु ११ करोड २६ लाख विनियोजन गरेकोछु भने

पूँजिगत खर्च मा रु १० करोड ३२ लाख १५ हजार विनियोजन गरिएकोछ ।

**क भौतिक पूर्वाधार विकासमा**

- पूर्वाधार तर्फ सडक,पुल, सिचाइ ,लघु तथा साना जलविधुत, संचारमा रु ६ करोड २५ लाख ५० हजार विनियोजन गरेकोछु ।

**खआर्थिक विकासमा**

- **कृषि, पर्यटन, उधोग वाणिज्य,सहकारी, वित्तीय संघ तर्फ** १ करोड ८ **लाख** ८९ हजार **विनियोजन गरेको छु ।**

**ग सामाजिक विकासमा**

- **शिक्षा, स्वास्थ्य,खानेपानी तथा सरसफाई, संस्कृति प्रवर्धन, लैगिंक समानता, समावेशीकरण तर्फ रु १ करोड ८२ लाख** ६४ हजार **विनियोजन गरेको छू ।**

**घ सुशासन तथा संस्थागत विकासमा**

- **मानव संशाधन विकास, संस्थागत विकास, राजश्व परिचालन, सेवा प्रवाह विधुतीय सूचना प्रर्णाली र पंजिकरण व्यवस्थापन गर्न नागरिक सन्तुष्टि सर्भेक्षण,सार्वजनिक सुनुवाई ,सामाजिक परिक्षण गर्न रु १ करोड ६१ लाख ६७ हजार दुई सय विनियोजन गरेकोछु ।**

**ङ वन वातावरण**

- **भूसंक्षण ,जलाधार संरक्षण,फोहर व्यवस्थापन आदिको लागि ८ लाख** ४४ **हजार ८ सय विनियोजन गरेकोछु ।**

**च. शसर्त अनुदान पूँजिगत विभिन्न शिर्षकतर्फ रू. १० करोड ७१ लाख रकम विनियोजन गरेको छु ।**

**सम्मानित गाउँसभाका सदस्य ज्यु हरु**

यस बजेटको कार्यान्वियनबाट गाउँपालिकाको भविष्य उज्वल रहनेछ, गाउँपालिका समृद्व बन्नेछ र तिलाबासि दाजु भाई दिदी बहिनिको आय आर्जनमा वृदि हुनेछ भन्ने अपेक्षा लिएको छु । बजेटको कार्यान्वियनको लागि

समग्र सरकारी, गैरसरकारी संघ संस्था, आम जनसमुदाय, वुदिजिवि, नागरिक समाज, राजनीतिक दल लगायत सबैले प्रभावकारी ढंगले आफ्नो भुमिका निर्वाह गर्नु हुनेछ भन्ने आशा र विश्वास लिएको छु ।

अन्त्यमा प्रस्तुत बजेट तर्जुमा गर्न प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पुर्णमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद।

निर्णयहरू

१. यस गाउँपालिकाके आ.व.०७५।०७६ का लागि योजना सञ्चालन गर्नका वार्षिक कार्यतालिका (क्यालेन्डर) तयार गरी सोही अनुसार काम गर्ने निर्णय गरियो ।

२. गाउँकार्यपालिकाको आ.व. ०७५।०७६ मा बैठकमा सहभागी हुने कार्यपालिकाका सदस्यहरूलाई बैठक भत्ता वापत प्रति दिन प्रति बैठक रू १५००। उपलब्ध गराउने र वडा नं. ६,९ र ७ का सम्पूर्णा जनप्रतिनिधिलाई बैठकमा अउदा बास बस्नु पर्ने भएकोले यातायात खर्च प्रति दिन रू ७५०। थप उपलब्ध गराउने निर्णय गरियो ।

३. यस गाउँपालिकामा योजना सञ्चालन गर्नका लागि सिभिल इन्जिनियरको पदपूर्ति नभएर कम गर्न समस्या परेको र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अन्तरिम दरवन्दी चार्ट अनुसार १ (एक) जना सिभिल इन्जिनियर रहेको सो पद र एकजना आर्किटेक्ट वा सिभिल सव इन्जिनियर मन्त्रालयमा माग गरी पठाउने तथा उपलव्ध नभएमा करार सम्झौता गरी काम गराउने निर्णय गरियो ।

४. रू. १० लाख रकम सम्मका योजनाहरू यस गाउँपालिका अन्तर्गतका वडा नं. १ देखि ९ वडाहरूले नै सञ्चालन गर्न सक्ने र योजना सञ्चालनका सम्पूर्ण प्रक्रिया सम्बन्धित

वडाबाटै ल.ई., सम्झौता गरी पटक पटक योजनाको अनुगमन गर्ने कार्य सम्बन्धित वडाबाटै गर्ने र अन्तिम भूक्तानीको लागि फाइल गाउँपालिकामा पठाउने निर्णय गरियो ।

५. आ.व २०७५।०७६ का लागि यस गाउँपालिकाको अन्तर्गत रहेका शिक्षा र स्वास्थ्य लगायतका आवश्यकताका अधारमा शिक्षक र स्वास्थ्य कर्मचारीहरू करारमा सम्झौता गरी काम गराउने निर्णय गरियो।

६.निरक्षरता उन्मूलन गर्नका लागि यस गाउँपालिका अन्तर्गतका क्रियासिल वाल क्लव,युवा क्लव र विध्यार्थिहरू परिचालन गर्ने निर्णय गरियो ।

७.यस गाउँपालिकालाई सामाजिक कुरिति र लैंगिक हिंसा अन्य गर्ने तर्फ पहल गर्ने निर्णय गरियो ।

८.यस गाउँपालिकामा साविक स्थानीय निकायका कार्यरत स्थायी कर्मचारीलाई वार्षिक रू १५०००। करार र अस्थायी कर्मचारीहरूलाई वार्षीक रू ७५००। पोषाक भत्ता आ.व.०७४।०७५ बाट उपलधब्ध गराउने निर्णय गरियो ।

९. आ.व.०७४।०७५ को जेठ र असाढ महिनामा यस गाउँपालिकामा कार्यरत निम्न कर्मचारीले विहान वेलुका अतिरिक्त समयमा काम गरे वापत खाना तथा खाजा खर्च स्वरूप एक महिनाको तलव वरावर सुविधा स्वरूप कर्मचारीलाई उपलब्ध गराउने निर्णय गरियो ।

निम्न

१. प्र.प्र.अधिकृत श्री विष्णु प्रसाद धिताल
३ ना.सु. श्री मन्दिरनाथ योगी
३ ना.सु. श्री लछिमन बुढा
४ ना.सु.श्री नरेन्द्र बहादुर रोकाय
५ ना.सु. श्री मुन बहादुर रावत
५ सह.ले.पा. श्री मन प्रसाद खत्री
६ का.स.श्री मुन बहादुर रोकाय
७ का.स.श्री कर्णविर योगी
८ का.स.श्री धर्मराज खत्री

१०. यस गाउँपालिकामा कार्यरत सूचना प्रविधि अधिकृतलाई आ.व.०७५।०७६ का लागि एल.जी.सी.डी.पी.रगाउँपालिकाको लागत साझेदारी अनुसार करारमा निरन्तरता

दिनु पर्ने भएकोले यस गाउँपालिकाले २५ प्रतिशत सम्म सूचना प्रविधि अधिकृतको पारिश्रमिक लगायतका सुविधामा साझेदारी गरी अगामी २०७५ पुष मसान्त सम्म करार म्याद थप गर्ने निर्णय गरियो ।

११. यस गाउँपालिका अन्तर्गत तालिम , गोष्ठी, सेमिनार सञ्चालन गर्दा सबै सरकारी तथा गैर सरकारी संघ संस्थाले गाउँपालिकाले खाना,खाजा भत्ता उपलब्ध गराउदा कर सहित न्युनतम तपसिल अनुसारको मापडण्ड अनुसार खर्च गर्ने नर्णय गरियो ।

तपसिल

क.गाउँपालिका स्तरमा कार्यक्रम प्रतिदिन भत्ता रू.१०००।

ख. गाउँपालिका स्तरमा हुने कार्यक्रम सहभागी हुँदा वडा नं.६ र ९ का सहभागी र वडा नं. ७ पोखरी गाउँका सहभागीलाई होटलवास वापत थप एक दिनको मात्र थप रू. ५००।

ग. वडा स्तरका कार्यक्रम प्रतिदिन भत्ता रू. ७००।

घ. वस्ती स्तरका कार्यक्रम प्रतिदिन भत्ता रू..५००।

ङ.प्रशिक्षक भत्ता प्रति कक्षा रू. १५००।

१२. यस गाउँपालिकाबाट सञ्चालन हुने योजनाहरू हैवी मेसिनरी उपकरणबाट काम गराउनु पर्ने भएमा कोटेशनबाट वा प्रतिस्पर्धाबाट काम गराउने निर्णय गरियो । साथै मु.अ.कर सहितको विल पेश गर्न लगाउने निर्णय गरियो ।

१३. यस गाउँपालिकाले सञ्चालन गर्ने तालिम, गोष्ठी ,सेमिनार तथा बैठकमा खाना तथा नास्ता व्यवस्था गर्नका लागि कोटेशन मार्फत गराउने र खाना, नास्ताको गुणस्तर र मूल्यको प्रतिस्पर्धा गराई सो होटल वा फर्मबाट उपलब्ध गराउने निर्णय गरियो .

१४. भू उपयोग नीति अन्तर्गत घर निर्माण गर्दा तोकिएको ठाँउमा उत्पादन भूमि नमासिने गरी गाउँपालिकाबाट तोकिएको नक्सा पास गरी घर निर्माण गर्ने गराउने निर्णय गरियो ।

१५. अव. ०७४।०७५ मा विनियजित भई निर्माणाधिन निम्न सडकहरूके कार्य मूल्यांकनको आधारमा रकम भक्तानी गर्ने र ती सडकहरूमा वचेको रकम त्रमी आ.व.०७५।०७६ मा काम गरेकै आधारमा सम्बन्धित सडकहरूमा भूक्तानी दिने गरी क्रमागत योजनामा राख्ने निर्णय गरियो ।

निम्न

१। रारासेरी मानेचौर सडक ख०ड ।
२। रारासेरी घोडेमहादेव सडक खण्ड ।
३। कयारकोट तल्लो माथिल्लो खोप्री सडक खण्ड ।
४। मानेचौर रिपी सडक खण्ड
५। मानेचौर ढिपु सडक खण्ड
६। मानेचौर सुडी सडक खण्ड
७। पातरसागु वाईसथाप्ला सडक खण्ड ।
८। पुरू विधुत कुलो निर्माण तिला ८
९। वाम्नीकाँध टेलिकम टावर घर निर्माण योजना ।
१०। सरस्वती मावि कुडारी खानेपानी
११। मानेचौर प्रतिक्षालय
१२। ढिपु खानेपानी
१३। कर्षी सेवा केन्द्र वलक मर्मत तिला ८ रु ३ लाख
१४। विध्यालय वलक निर्माण तिला ७ रु २ लाख
१५। वडा कार्यालय मर्मत वडा न ६ रु १लाख ५० हजार
१६। वडा कार्यालय मर्मत वडा २ रु ५० हजार

१६. यस गाउँ पालिकाबाट सञ्चालन हुने विभिन्न योजनाहरूमा उपभोत्ता समितिले योजनाको अनिवार्य रूपमा सार्वजनिक सुनुवाई, सार्वजनिक सूचना लगायतका कार्य गर्ने र प्रशासनिक खर्च वापत २० लाख भन्दा कमका योजनामा २० हजार ,५० लाखसम्मका योजनाहरूमा रू.२५ हजार र रू.१ करोड सम्मका योजनाहरूमा रू.३० हजार सम्म प्रशासनिक खर्च गर्ने गरी छुट्याई ईस्टमेट गर्न लगाउने साथै रू.१० लाख भन्दा माथिका योजनाहरूको अनवार्य रूपमा योजनाको होर्डिङ वोर्ड राख्न लगाउने निर्णय गरियो ।

# वार्षिक क्यालेन्डर

| सि. नं. | कामको विवरण | | जिम्मेवारी फाँट | सम्बन्धित |
|---|---|---|---|---|
| १ | योजनाको लागत अनुमान, सर्भे, | भाद्र ३० भित्र | प्राविधिक शाखा | |
| २ | उपभात्ता समिति गठन | भाद्र ३० भित्र | सम्बन्धित वडाहरू | |
| ३ | उपभोक्ता समितिका पदाधिकारीलाई अभिमुखिकरण तालिम | भाद्र मसान्तसम्म | योजना फाँट | |
| ४ | योजना सम्झोता | असोज पहिलो हप्तासम्म | योजना फाँट | |
| ५ | योजनाको पहिले अनुगमन | असोजको पहिलो हप्ता | अनुगमन समिति, योजना शाखा, प्राविधिक शाखा, अन्य | |
| ६ | योजनाको काम सूरू | असोजको दोश्रो हप्ताबाट | प्राविधिक तथा उपभोक्ताहरू | |
| ७ | योजनाको दोश्रो अनुगमन | मंसिर मसान्तभित्र | अनुगमन समिति, योजना शाखा, प्राविधिक शाखा, अन्य | |
| ८ | योजना कार्य सम्पन्न | बैशाख १५ गतेसम्म | प्राविधिक तथा उपभोक्ताहरू | |
| ९ | अन्तिम अनुगमन | बैशाख २५ गतेसम्म | अनुगमन समिति, योजना शाखा, प्राविधिक शाखा, अन्य | |
| १० | योजनाको अन्तिम भूक्तानी | बैशाख मसान्त सम्म | लेखा , योजना फाँट, प्राविधिक तथा उपभोक्ताहरू | |

१७. यस गाउँपालिका मार्फत सञ्चालन हुने विभिन्न योजनाहरूको अनुगमन तथा सुपरीवेक्षण गर्न हिउदे गाउँ सभाबाट समित गठन भएकोमा स्थानीय तहको वार्षिक योजना तथा तर्जुमा दिग्दर्शन, २०७४ (परिमाजिर्त) अनुसार पुनः संशोधन गर्नु पर्ने भएको हुँदा तपसिलका सदस्य रहने गरी योजना अनुगमन तथा सुपरीवेक्षण समिति पुनः संशोधन सहित गठन गर्ने निर्णय गरियो ।

तपसिल

क. उपाध्यक्ष श्री विष्णु बुढा –संयोजक

ख. कार्यपालिका सदस्य श्री हरीलाल सार्की –सदस्य

ग. महिला सदस्य श्री शुसिला भट्टराई –सदस्य

घ. प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु प्रसाद धिताल –सदस्य

ङ. योजना शाखा प्रमुख श्री नरेन्द्र बहादुर रोकाया – सदस्य सचिव

१८. यस गाउँपालिका अन्तर्गत वडा स्तरबाट सञ्चालन हुने विभिन्न योजनाहरूको अनुगमन तथा सुपरिवेक्षण गर्नका लागि स्थानीय तहको वार्षिक योजना तथा तर्जुमा दिग्दर्शन, २०७४ (परिमाजिर्त) अनुसार तपसिल सदस्य रहने गरी वडा स्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्ने निर्णय गरियो ।

क. सम्बन्धित वडाका वडा अध्यक्ष –संयोजक

खं. सम्बन्धित वडाका वडा सदस्यहरू – सदस्य

ग. सम्बन्धित वडाका वडा सचिव – सदस्य सचिव

१९. यस गाउँपालिकामा सञ्चालन भएको एल.जि.सी.डी.पी. कार्यक्रम अन्तर्गत करार सम्झौता गरी कामकाज गर्न खटिएका सामाजिक परिचालकलाई दिईने पारिश्रमिक आ.व.०७४।०७५ असारमसान्तबाट कार्यक्रम सकिएको र निजहरूको पारिश्रमिक प्राप्त नहुने भएकोले अगामी आ.व. ०७५।०७६ का लागि गाउँपालिकामा असुली भएकोआन्तरिक श्रोत रकमबाट पारिश्रमिक स्वरूप रू.१३५००। मासिक उपलब्ध गराई म्यादथप गरी कामकाजमा लगाउने निर्णय गरियो ।

२०. माथि उल्लेखित कार्यक्रममा नछुटिएको शसर्त तथा निशसर्त तर्फ विनियोजन पूँजिगत कार्यक्रम खर्चको वजेट आ.व.वीचमा कुनैपनि निकायबाट पूँजिगत तर्फ प्राप्त रकम सम्बन्धित विषयगत शाखाले वजेट कार्यक्रम तयार गरी कार्यपालिकाको वैठकबाट स्वीकृत गराई कार्यन्वयन गराउने अधिकार कार्यपालिकालाई दिने निर्णय गरियो ।

२१. यस गाउँपालिकाको गाउँसभा गाउँ कार्यपालिकाको कार्यालय सञ्चालन गर्न तपसिलका ऐन तथा कार्यविधिहरू स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल

१ तिलागाउँपालिकाको प्रशासकीयकार्यविधि(नियमितगर्ने) ऐन, २०७५

२ तिलागाउँपालिकाको आर्थिक कार्यविधिनियमिततथाव्यवस्थित ऐ्न, २०७५

३ तिलागाउँपालिकाको विपद व्यवस्थापन जोखिम न्युनिकरण व्यवस्थापन ऐन, २०७४

४ तिलागाउँपालिकाको एकीकृत सम्पत्ति कर व्यवस्थापन ऐन, २०७५

५ तिलागाउँपालिकाको कृषिव्यवसाय प्रवर्द्धन ऐन , २०७४

६ तिलागाउँपालिकाको स्थानीयशिक्षा ऐन ,२०७४

७ तिलागाउँपालिकाको आर्थिक ऐन, २०७५

८ तिलागाउँपालिकाको स्थानीय स्वास्थ्यतथा सरसफाई ऐन , २०७५

९ तिलागाउँपालिकाको पूर्वाधार ऐन ,२०७४

१० .स्थानीय राजपत्रप्रकाशन सम्बन्धीकार्यविधि, २०७५

११ "घ"वर्गको निर्माण व्यवसायीइजाजतपत्र सम्बन्धीकार्यविधि २०७५

१२ **तिला गाउँपालिका उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७४**

१३ तिला गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवसर्थापन गर्ने सम्बन्धी कार्यविधि २०७५

१४ तिला गाउँपालिकाको सहकारी ऐन, २०७५

२२. यस तिला गाउँपालिकामा रहेका आरभूत र माध्यामिक विद्ध्यालयहरूमा कक्षा तथा विद्ध्यालय स्थापना गर्दा गाउँ, टोलपिच्छे प्रतिस्पर्धाका अधारमा स्थापना गरिने जसले गर्दा कक्षा अनुसार विध्यार्थी अनुसार शिक्षक दरवन्दी नहुनु, विषयगत शिक्षक पनि नहुनुले शिक्षाको गुणस्तर र व्यवस्थापन गर्न कठिनाई भएको र निजी शिक्षक भएका विद्ध्यालय टिकाईरहनु पर्ने वाध्यतालाई मध्यनजर गर्दै भोगोलिक विकटता, विध्यार्थी संख्या अदिलाई अधार मानि यस गाउँपालिकामा रहेका विध्यालयहरू मध्ये कही विध्यालय स्वीकृत गर्ने नर्णय गरियो ।

तपसिल

| सि. नं. | विद्ध्यालयको नाम | साविक संरचना | अव रहने संरचना | शिक्षक दरवन्दी | | |
|---|---|---|---|---|---|---|
| १ | श्री सिता मा.वि. रारा | १ देखि १२ | ६ देखि १२ | साविक | थप्नु पर्ने | झिक्नु पर्ने |
| | | | | | मावि २ उमावि ३ | |
| २ | श्री महादेव अवि रारा | | १ देखि ५ | | | |
| ३ | श्री नारायण अवि , लर्मी | १ देखि ४ | १ देखि ३ | २ | ईसीडी १, दरवन्दि १ | |
| ४ | श्री कालिका अवि भुगेडी लिही | १ देखि ८ | १ देखि ८ | | निमावि ३ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | श्री भैरव अवि जोगिबाडा | १ देखि ३ | १ देखि ३ | | ० | |
| ६ | श्री दानीबाडा | र | ईसीडी | | | |
| ७ | श्री सरस्वती माविकुडारी | १ देखि १२ | ६ देखि १२ | | ० | |
| ८ | श्री अवि फयलबाडा | | १ देखि ५ | | ० | |
| ९ | श्री थापागाउँअवि | १ देखि ५ | १ देखि ३ | | ० | |
| १० | श्री खोलीगाउ अवि | १ देखि ८ | १ देखि ३ | | ० | ३ |
| ११ | श्री चुलाकोट अवि | १ देखि ८ | १ देखि ५ | | प्रावि १ | निमावि २ |
| १२ | श्री ढिम्कोट | १ देखि ३ | ईसीडी | | | |
| १३ | श्री मुला | | ६ दखि १० | | | मावि ३ |
| १४ | श्री अवि डुंग्री | १ देखि ५ | १ देखि ५ | | | प्रावि १ |
| १५ | श्री घोडेसिम अवि | १ देखि ८ | १ देखि ८ | | प्रावि १, निमावि २ ईसीडी १ | |
| १६ | श्री तुइ अवि | १ देख ५ | १ देखि ५ | | प्रावि१ | |
| १७ | श्री पोखरी | १ देखि ५ | १ देखि ५ | | | |
| १८ | श्री घोडे मावि | १ देखि १० | १ देखि १० | | मावि १ ,निमावि १ | |
| २० | श्री रिपी | १ देखि ५ | १ देखि ५ | | | |
| २१ | श्री ढिपु निमावि | १ खि ८ | १ देखि ८ | | निमावि २ | |
| २२ | श्री सुडी निमावि | १ देखि ८ | १ देखि ८ | | निमावि ३ | |
| २४ | श्री रासा अवि | १ देखि ५ | १ देखि ५ | | ईसीडी १, प्रावि १ | |
| २५ | श्री जुम्लाकोट मावि | १ देखि १२ | १ देखि १२ | | | |
| २६ | श्री पुरू निमावि | १ देखि ८ | १ देखि ८ | | निमावि ३ | |
| २७ | श्री माथिल्लो खोप्री | १ दखि ८ | १ देखि ८ | | ईसीडी १, निमावि २ | |
| २८ | श्री तल्लो खोप्री | १ देखि ५ | १ देखि ५ | | ईसीडी १ | |
| २९ | श्री सापुल्ली नामीडाडा | १ देखि ८ | १ देखि ८ | | प्रावि१, निमावि१ | |
| ३० | श्री रावतवाडा | १ देखि ३ | १ देखि३ | | प्रावि १ | |
| ३१ | श्री नुवाकोट मावि | १ देखि १० | १ देखि १० | | निमावि १, मावि ३ | |
| ३२ | श्री मालापानी मावि | १ देखि १० | १ देखि १० | | मावि ३ | |
| ३३ | श्री मुल्लीढिपु | | ईसीडी | | ईसीडी १ | |
| | | | | | | |

ईसीडी ६, प्रावि ६, निमावि १४, मावि ११

२३. यस तिला गाउँपालिकामा रहेका सम्पूर्ण विद्ध्यालयहरूमा विध्यार्थी संख्या र भौगोलिक विकटता अनि विषयगत शिषक दरवन्दी निर्धारण गर्दा तपसिलमा उल्लेखित तह र विषयका शिषक दरवन्दी नपुग भएमा प्रदेश शिक्षा सेवा आयोग र संघीय शिक्षा सेवा आयोगलाई पद पूर्तिका लागि अनुरोध गर्ने र प्रदश सामाजिक विकास मन्त्रालय र संघीय शिक्षा मन्त्रालयमा नपुग दरवन्दी स्वीकृतिका लागि पहल गर्ने र उक्त व्यवस्था नहुन्जेलसम्मका लागि गाउँपालिकाबाट करार ऐनकोपरिधि भित्र रही निशर्त अनुदान रकमबाट निम्न अनुसारका तहका शिक्षकको निम्नानुसार मासिक पारिश्रमिक पाउने गरी यही आर्थीक वर्षमा शिक्षक भर्ना प्रक्रिया अगाडी बढाउने निर्णय गिरयो ।

निम्न
१ ईसीडी रू. ६०००।
२ प्रावि रू. १५०००।
३ निमावि रू. १८०००।
४ मावि रू. २३५०००।
५ १०+२ रू. २५०००।

२४ यस गाँउपालिका अन्तरगत रहेका विद्ध्यालयहरू मर्ज गर्न **प्रकृियामा निम्न स्थानमा भवनहरु माग गर्नु पर्न भएकोले शिक्षा विज्ञान तथा प्राविधि मन्त्रालयमा अनुरोध गरी पठाउने निर्णय गरियो निम्न**

**१.प्रा.वि रारा भवन कोठा संख्या ६ ओटा**
**२. मा वि चुलाकोटमा कोठा संख्या १० ओटा**
**३.सरस्वती मावि कुडारीको उत्तर पटि प्रा वि सञचालन गर्न कोठा संख्या ६ ओटा**